सशस्त्र प्रहरी निरीक्षक, लेखा उपसमूह (लेखा अधिकृत) पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठयक्रम र परीक्षा योजना (Examination Scheme) निम्नानुसार चरणमा हुनेछ ।

चरण	विषय	पूर्णाङ्क	कैफियत
प्रथम चरण	प्रारम्भिक शारीरिक परीक्षण	-	पहिलो (शुरु) चरणको परीक्षामा उत्तीर्ण हुने उम्मेदवारलाई मात्र त्यसपछिको चरणको परीक्षामा सहभागी गराईने छ । आई.क्यू. परीक्षा, लिखित परीक्षा र गुणमापक परीक्षाको उत्तीर्णाङ्क पूर्णाङ्कको ४० प्रतिशत हुनेछ ।
द्वितीय चरण	शारीरिक सहिष्णुता परीक्षा	-	
तृतीय चरण	विस्तृत स्वास्थ्य परीक्षण	-	
चतुर्थ चरण	आई.क्यू परीक्षा	५०	
पाँचौं चरण	लिखित परीक्षा	३५०	
छैठौं चरण	गुणमापक परीक्षा	१००	
सातौं चरण	विशेष स्वास्थ्य परीक्षण	-	
आठौं चरण	अन्तर्वार्ता परीक्षा	५०	

प्रत्येक चरणको विस्तृत विवरण निम्न बमोजिम रहेको छ ।

१. प्रथम चरणः- प्रारम्भिक शारीरिक परीक्षण

विवरण	उत्तीर्ण हुनको लागि न्यूनतम मापदण्ड	
	पुरुष	महिला
उचाई	कम्तिमा ६२ इन्च	कम्तिमा ६० इन्च
तौल	कम्तिमा ५० के.जी.	कम्तिमा ४२ के.जी.
छाती	नफुलाउदा कम्तिमा ३१ इन्च, फुलाउदा कम्तिमा ३३ इन्च । कम्तिमा २ इन्च फुलाउनुपर्ने ।	नपर्ने
साधारण वियरिङ्ग	साधारण वियरिङ्गमा अनुत्तीर्ण हुने कारणहरु	
	शारीरिक मापदण्ड (Physical Standards) १. टाउको तथा कपाल (Head and Hair) • टाउको वा शरीरको देखिने भागमा सेतो दुवी (Vitiligo) वा कपाल चक-चक परेर झर्ने दुवी (Alopecia Areata) भएको । • कपाल एक तिहाइभन्दा वढी झरेको, फुलेको, कृत्रिम रूपमा रङ्गाइएको वा अन्य कुनै अस्वाभाविक रूपमा परिवर्तन गरिएको । २. अनुहार (Face) • अनुहारमा १.५ से.मी. × १.५ से.मी. भन्दा ठूलो काटेको वा पोलेको दाग भएको । • जन्मजात दाग (Birth Mark) को हकमा पनि सोही मापदण्ड लागू हुने । • सिधा रेखाजस्तो दाग (Linear Scar) २.५ से.मी. भन्दा लामो तथा ३ मि.मि. भन्दा वढी चौडाइ भएको । ३. आँखा (Eyes) • डेढो आँखा (Squint/Strabismus) भएको ।	

- रङ छुट्याउन नसक्ने (Colour Blindness) भएको।
- दुवै आँखाको आकार वा अवस्थिति (Position) असमान भएको।
- दायाँ हात चलाउनेको हकमा बायाँ आँखा तथा बायाँ हात चलाउनेको हकमा दायाँ आँखा स्वतन्त्र रूपमा चिम्लन नसक्ने।

४. बोली (Speech)

- तोते बोली, अस्पष्ट बोली, भकभके वा लठ्याँरो बोली भएको तथा स्पष्ट रूपमा सञ्चार गर्न नसक्ने।

५. दाँत तथा मुख (Teeth and Oral Cavity)

- अस्वाभाविक रूपमा बाहिर निस्केको वा अत्याधिक उपडखापड दाँत वा दाह्रा भएको।
- दुई वटासम्म स्थायी दाँत झरेको भए फिक्स प्रोस्थेसिस (Fixed Prosthesis) राखेको हुनुपर्ने।
- रुट क्यानल ट्रिटमेन्ट (Root Canal Treatment: RCT) गरिएको दाँतमा क्याप/क्राउन (Cap/Crown) लगाएको हुनुपर्ने।
- तीन वटासम्म किराले खाएको दाँत भरिएको अवस्थामा स्वीकार गर्न सकिने।
- अगाडिका दाँत कृत्रिम (Artificial), किराले खाएका वा २ मि.मि. भन्दा बढी फाटिएका (Diastema) हुनु नहुने। भरिएका अगाडिका दाँत कार्यात्मक तथा सौन्दर्यात्मक रूपमा सामान्य देखिनुपर्ने।

६. घाँटी, मेरुदण्ड तथा शरीरको बनावट (Neck, Spine and Trunk)

- ढाड कुप्रो (Kyphosis) भएको।
- शरीर पूर्ण रूपमा अगाडि झुकाउन नसक्ने।
- जिउ कोल्टे परेको (Scoliosis)।

७. तौल तथा शारीरिक बनावट (Body Build)

- उचाइअनुसार निर्धारित तौल वा निर्धारित वि.एम.आई (Body Mass Index: BMI) भन्दा बढी तौल भएको (Overweight/Obesity)।
- शरीर अत्याधिक मोटो तर हातखुट्टा अस्वाभाविक रूपमा झिनो देखिने।
- अत्याधिक दुब्लो (Emaciated) भएको।

८. हात, खुट्टा, घुँडा तथा पैताला (Upper and Lower Limbs, Knees and Feet)

- अङ्गभङ्ग भएको।
- हात वा खुट्टा बाङ्गोटिङ्गो (Deformity) भएको।
- हात वा खुट्टा लामो-छोटो भएको।
- अङ्ग काटिएको (Amputated Limb)।
- हात वा खुट्टा जोडिएको (Webbed/Fused) वा खप्टिएको (Contracture)।
- हात वा खुट्टाका औंलाहरू अस्वाभाविक रूपमा फाटिएका वा एकआपसमा जोडिएका (Split/Fused Fingers or Toes।
- सामान्य रूपमा हुनुपर्ने अङ्ग वा औंला नभएको वा अतिरिक्त अङ्ग वा औंला (Supernumerary Limb/Digit) भएको।
- नक-नी (Knock-knee): दुवै खुट्टा जोडेर उभिँदा गोलिगाँठो (Medial Malleolus) बीचमा ७ से.मी. भन्दा बढी दूरी भएको।

सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय
मानवस्रोत विभाग
स्वास्थ्य, खेलकुद काठमाडौं

- नी-लक (Knee Lock) भएको।
- वो-लेग (Bow Leg) : दुवै खुट्टा जोडेर उभिँदा घुँडावीच ८ से.मी. भन्दा बढी दूरी भएको वा रिकेट्स (Rickets) का कारण खुट्टा बाङ्गिएको।
- अत्याधिक चेप्टो पैताला (Severe Flat Foot/Pes Planus) भएको।

९. रक्तनली (Vascular System):
- नशा फुल्ने/भेरिकोच (Varicose Veins) भएको।

१०. छाला (Skin)
- शरीरको देखिने भागवाहेक अन्य भागमा ३.५ से.मी. × ३.५ से.मी. भन्दा ठूलो काटेको, पोलेको वा अन्य प्रकारको दाग भएको।
- शरीरका देखिने भागमा चिकित्सकीय दृष्टिले अस्वीकार्य देखिने दाग वा विकृति भएको।
- शरीरको कुनै पनि भागमा ट्याटु (Tattoo) हुनु नहुने। तथापी, पूर्ण रूपमा मेटाइसकेपछि बाँकी दाग स्वाभाविक देखिएमा स्वीकार गर्न सकिने।
- आफैंले जानाजानी बनाएको खत (Intentional Scar/Cut Mark), अक्षर, नाम वा अन्य चिन्ह भएको।
- शरीरको कुनै पनि भागमा छरिएर अत्याधिक सङ्ख्यामा मुसा (Multiple Nevi/Moles) भएको।

नोटः

यस मापदण्डमा स्पष्ट रूपमा उल्लेख नभएका जन्मजात (Congenital), प्राप्त (Acquired) वा अन्य कुनै शारीरिक विकृति, विकार वा कार्यगत असामान्यता (Functional Abnormality) चिकित्सकीय परीक्षणवाट सेवाको प्रकृति तथा कार्यसम्पादनमा प्रतिकूल प्रभाव पार्ने देखिएमा परीक्षणमा खटिएको चिकित्सकद्वारा अयोग्य ठहर गर्न सक्नेछ।

द्रष्टव्यः-

प्रथम चरणको प्रारम्भिक शारीरिक परीक्षणवाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको शारीरिक सहिष्णुता परीक्षामा सम्मिलित गराइनेछ ।

२. द्वितीय चरणः- शारीरिक सहिष्णुता परीक्षा

विवरण	उत्तीर्ण हुनको लागि न्यूनतम मापदण्ड	
	पुरुष	महिला
३०० मि. दौड	५५ सकेन्ड सम्म	६२ सकेन्ड सम्म
सिट-अप	कम्तिमा १० पटक	कम्तिमा ५ पटक
पुस-अप	कम्तिमा १० पटक	कम्तिमा ५ पटक
चिन-अप	कम्तिमा ३ पटक	कम्तिमा १ पटक
३२०० मि. दौड	१८ मिनेट सम्म	२० मिनेट सम्म



द्रष्टव्यः-

द्वितीय चरणको शारीरिक सहिष्णुता परीक्षावाट छनौट भएका उम्मेदवारहरुलाई मात्र तृतीय चरणको विस्तृत स्वास्थ्य परीक्षणमा सम्मिलित गराइनेछ ।

३. तृतीय चरणः- विस्तृत स्वास्थ्य परीक्षण

सशस्त्र प्रहरी सेवा आयोगद्वारा तोकिएको चिकित्सक तथा अस्पतालवाट निम्नानुसारको परीक्षण गरिनेछ।

1. General personality observation
2. Medical
3. General Physic (Surgical)
4. Dental
5. Eye test (DV/CV)
6. ENT, BP
7. Pregnancy (For Female Candidate Only)

द्रष्टव्यः-

तृतीय चरणको विस्तृत स्वास्थ्य परीक्षणवाट छनौट भएका उम्मेदवारहरुलाई मात्र चतुर्थ चरणको आई.क्यू परीक्षामा सम्मिलित गराइनेछ ।



४. चतुर्थ चरणः- आई.क्यू. परीक्षा- पूर्णाङ्क ५०.

विषय	पूर्णाङ्क	उत्तीर्णाङ्क	परीक्षा प्रणाली	विषय वस्तु	प्रश्न संख्या अङ्क भार	समय
आई.क्यू (I.Q.)	५०	४०%	वस्तुगत बहुवैकल्पिक (Multiple choice Questions)	Numerical Reasoning Test	२०x१=२०	४५ मिनेट
				Abstract Reasoning Test	१५x१=१५	
				Managerial/ Organisational Problem Solving and Verbal Reasoning Test:	१५x १=१५	

विषय: आई.क्यू.

आई.क्यू. विषयको निम्न विषयवस्तुवाट निम्नानुसारको प्रश्नसंख्या र अङ्कभारका प्रश्नहरु सोधिनेछ ।

समयः ४५ मिनेट पूर्णाङ्कः ५०

उत्तीर्णाङ्कः ४०%

(A) Numerical Reasoning (20x1=20)

1. Number Analogy
2. Number Classification/Odd One out
3. Finding the Wrong Term in the Given Series
4. Number Series
5. Number Coding & Decoding
6. Arithmetical
7. Percentage
8. Average
9. Profit & Loss
10. Ratio & Proportion
11. Insert the missing Character
12. Matrices
13. Data Interpretation
14. Data Verification
15. Mathematical Operations
16. Arithmetical Reasoning
17. Data Sufficiency

(B) Abstract Reasoning Test (15x1=15)

1. Series
2. Analogy
3. Classification
4. Analytical Reasoning
5. Mirror-Images
6. Water-Images
7. Spotting Out the Embedded Figures
8. Completion of Incomplete Pattern
9. Figure Matrix
10. Paper Folding
11. Paper Cutting
12. Rule Detection
13. Grouping of Identical Figures
14. Cubes and Dice
15. Dot Situation
16. Construction of Squares and Triangles



(C) Verbal Reasoning Test **(15x1=15)**

1. Series Completion
2. Analogy
3. Classification
4. Coding-Decoding
5. Blood Relationship
6. Puzzle Test
7. Sequential Output Tracing
8. Direction Sense Test
9. Logical Venn Diagrams
10. Alphabet Test
11. Logical Sequence of Words
12. Eligibility Test
13. Assertion and Reason
14. Situation Reaction Test
15. Verification of Truth of the Statement

द्रष्टव्यः-

चतुर्थ चरणको आई.क्यू परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुलाई मात्र पाँचौ चरणको लिखित परीक्षामा सम्मिलित गराइनेछ ।

५. पाँचौं चरणः- लिखित परीक्षा- पूर्णाङ्क-३५०

पत्र	विषय	पूर्णाङ्क	उत्तीर्णाङ्क	परीक्षा प्रणाली	प्रश्न संख्या × अङ्क भार	समय
प्रथम	नेपाली	५०	२०	विषयगत	नेपाली रचनाः ३८ व्याकरणः १२	९० मिनेट
द्वितीय	अंग्रेजी	१००	४०	विषयगत	Writing : 40 Reading : 30	२ घण्टा ३० मिनेट
				वस्तुगत वहुवैकल्पिक	Grammar and Vocabulary: 30	
तृतीय	सामान्य ज्ञान	५०	२०	वस्तुगत वहुवैकल्पिक	५०×१= ५०	४५ मिनेट
चतुर्थ	संविधान तथा कानूनहरु	५०	२०	विषयगत	१×१०= १० लामो उत्तर ८×५= ४० छोटो उत्तर	९० मिनेट
पाँचौ	सेवा सम्वन्धी	१००	४०	विषयगत	८×१० = ८० लामो उत्तर ४×५ = २० छोटो उत्तर	३ घण्टा



द्रष्टव्यः

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

२. प्रथम, द्वितीय, तृतीय, चतुर्थ र पाँचौ पत्रको लिखीत परीक्षा छुट्टाछुट्टै हुनेछ ।

३. वस्तुगत वहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अंक कट्टा गरिने छ । तर; उत्तर नदिएको प्रश्न वापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

४. वस्तुगत वहुवैकल्पिक प्रश्न हुने परीक्षामा परीक्षार्थीले उत्तर लेख्दा अंग्रजी ठुलो अक्षर (Capital Letter) A,B,C मा लेख्नु पर्नेछ। सानो (Small Letter) a,b,c अक्षर लेखेको वा अन्य कुनै संकेत गरेको भए सवै उत्तरपुस्तिका रद्द हुनेछ ।

५. वस्तुगत वहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा कुनै पनि प्रकारको क्याल्कुलेटर (Calculator) वा अन्य कुनै विद्युतीय उपकरण (Electronic Device) को प्रयोग गर्न पाईने छैन ।

६. विषयगत प्रश्नमा प्रत्येक पत्र-विषयका प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन् । परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नहरुको उत्तर सोही खण्डका उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

७. यस पाठ्यक्रममा जेसुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेका ऐन, नियमहरु तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।



विषयः नेपाली

नेपाली विषयको निम्न विषयवस्तुवाट निम्नानुसारको प्रश्नसंख्या र अङ्कभारका प्रश्नहरु सोधिनेछ ।

समय : १ घण्टा ३० मिनेट

पूर्णाङ्कः ५०
उत्तीर्णाङ्कः २०

खण्ड (क) नेपाली रचना	३८
१. निवन्ध लेखन	१×१०=१०
२. पत्र लेखन/निवेदन लेखन/प्रतिवेदन लेखन	१×८=८
३. टिप्पणी लेखन	१×५=५
४. वोध	१×५=५
५. संक्षेपीकरण	१×५=५
६. विस्तृतीकरण	१×५=५

खण्ड (ख) व्याकरण १२ (६×२=१२)

१. नाम
२. सर्वनाम
३. विशेषण
४. काल
५. क्रिया
६. अव्यय
७. लिङ्ग
८. वचन
९. पुरुष
१०. वाच्य
११. करण/अकरण
१२. शुद्धाशुद्धी
१३. वाक्यमा प्रयोग (विभिन्न शव्दहरु र उखान टुक्राहरु)
१४. संक्षेपण/विक्षेपण
१५. उक्ति परिवर्तन
१६. समास/विग्रह
१७. निपात

नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी वल, नेपाल प्रहरी कार्यालय
मानवश्रोत विभाग
पियरुन, हलचोक, काठमाडौं

Subject: English

अंग्रेजी विषयको निम्न विषयवस्तुवाट निम्नानुसारको प्रश्नसंख्या र अङ्कभारका प्रश्नहरु सोधिनेछ।

Time: 2 hour 30 Minutes

Full Mark: 100
Pass Mark :40

Part (A) Writing	**40**
1. Essay writing	(1x15=15)
a. Descriptive	
b. Narrative	
c. Argumentative	
d. Persuasive	
2. Letter writing	(1x10=10)
a. Informal letter writing	
b. Business letter writing	
c. Official letter and Applications writing	
3. Report writing	(1x10=10)
a. Crime and incident report	
b. Event or ceremony report	
4. Explanation/Amplification	(1x5=5)

Part (B) Reading	**30**
1. Reading Comprehension (Question answer)	(5x2=10)
2. Translation	(2x7.5=15)
a. English to Nepali	
b. Nepali to English	
3. Summary writing	(1x5=5)

Part (C) Grammar and Vocabulary (Multiple Choice Questions):30(30x1=30)

1. Tense
2. Article
3. Parts of Speech
4. Voice
5. Narration (Reported Speech)
6. Tag question
7. Punctuation
8. Fill in the gaps (Preposition)
9. Relative clause
10. Conditional Sentence
11. Synonym
12. Antonym
13. Single word



विषयः सामान्य ज्ञान

सामान्य ज्ञान विषयको निम्न विषयवस्तुवाट निम्नानुसारको प्रश्नसंख्या र अङ्कभारका प्रश्नहरु सोधिनेछ ।

समय : ४५ मिनेट

पूर्णाङ्कः ५०
उत्तीर्णाङ्कः २०

खण्ड (क) राष्ट्रिय (२५×१= २५)

१. ऐतिहासिक
२. भौगोलिक
३. आर्थिक
४. राजनीतिक
५. सस्कृतिक
६. साहित्यिक
७. खेलकुद
८. समसामयिक राष्ट्रिय घटनाहरु

खण्ड (ख)अन्तर्राष्ट्रिय (१५×१= १५)

१. भौगोलिक
२. आर्थिक
३. संयुक्त राष्ट्र संघ एवं अन्तर्राष्ट्रिय संघ सस्था तथा संगठनहरु
४. खेलकुद
५. समसामयिक अन्तर्राष्ट्रिय घटनाहरु

खण्ड (ग) क्षेत्रीय (१०×१= १०)

१. भौगोलिक
२. आर्थिक
३. क्षेत्रीय संघ सस्था तथा संगठनहरु (ASEAN/ SAARC)
४. खेलकुद
५. समसामयिक क्षेत्रीय घटनाहरु



विषयः नेपालको संविधान तथा कानूनहरु

नेपालको संविधान तथा कानुन विषयवस्तुवाट निम्न प्रश्नहरु सोधिनेछ ।

समय : १ घण्टा ३० मिनेट

पूर्णाङ्कः ५०
उत्तीर्णाङ्कः २०

खण्ड (क) नेपालको संविधान तथा कानुनहरुः

लामो उत्तर (१×१०= १०)
छोटो उत्तर (८×५= ४०)

१. नेपालको संवैधानिक विकासक्रम
२. नेपालको वर्तमान संविधान
३. प्रहरी ऐन, २०१२
४. सैनिक ऐन २०६३ को परिच्छेद २
५. स्थानीय प्रशासन ऐन, २०२८



विषयः सेवा सम्बन्धी

सेवा सम्वन्धी विषयको निम्न विषयवस्तुवाट निम्नानुसारको प्रश्नसंख्या र अङ्कभारका प्रश्नहरु सोधिनेछ।

समय : ३ घण्टा

पूर्णाङ्कः १००
उत्तीर्णाङ्कः ४०

खण्ड - "क" (६० अङ्क) :- लामो उत्तर (५×१०= ५०) छोटो उत्तर (२×५= १०)

१. लेखा र लेखा प्रणाली

१.१ लेखाको अवधारणा, आधारभूत तत्व, उद्देश्य र महत्व
१.२ अन्तर्राष्ट्रिय लेखा प्रणाली र लेखा प्रणालीको सर्वमान्य सिद्धान्त
१.३ वित्तिय एवं व्यवस्थापकिय लेखाको महत्व र उपादेयता
१.४ सरकारी लेखा प्रणलीको सिद्धान्तहरु र नेपालमा यसको प्रयोग
१.५ नेपाल सरकारको वर्तमान लेखा प्रणाली
१.६ नेपाल सरकारको खाता सूची र राजस्व वर्गिकरण एवं व्याख्या
१.७ नेपाल सरकारको कोष व्यवस्था, कोष लेखाङ्कन (Fund Accounting) र रकमान्तर
१.८ लेखामा आयको पहिचान तथा मापन र वैंक हिसाव समायोजन विवरण
१.९ लेखामा त्रुटी पहिचान तरिकाहरु
१.१० वित्तीय विश्लेषणका तरिकाहरु
१.११ नेपाल लेखा मापदण्ड (Nepal Accounting Standard)
१.१२ सरकारी लेखा सम्वन्धी अन्तर्राष्ट्रिय मापदण्ड
१.१३ सार्वजनिक वित्त व्यवस्थापनः नेपालको योजना र वजेट प्रणाली
१.१४ वित्तीय व्यवस्थापन र सामाजिक उत्तरदायित्व

२. लेखापरिक्षण

२.१ लेखापरिक्षणको अवधारण तथा आधारभूत सिद्धान्त, प्रकार, महत्व एवं उपादेयता
२.२ आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक लेखा परिक्षण तथा अन्तिम लेखा परिक्षण
२.३ व्यवस्थापन परीक्षण र कार्यमूलक लेखा परिक्षण
२.४ लेखा परीक्षकहरुको अधिकार, दायित्व तथा विश्वसनीयता
२.५ नेपाल लेखापरिक्षण मापदण्ड
२.६ आर्थिक अनुशासन र वित्तीय व्यवस्थापन र लेखापरिक्षण
२.७ सार्वजनिक जवाफदेहीको अवधारणा र त्यसको प्रयोग
२.८ महालेखा परीक्षकको काम कर्तव्य र अधिकार
२.९ वेरुजु र वेरुजु फछ्यौर्ट सम्वन्धी व्यवस्था

खण्ड - "ख" (४० अङ्क) लामो उत्तर (३×१०=३०) छोटो उत्तर(२×५= १०)

३. आर्थिक प्रशासन र अनुसन्धान विधि

३.१ आर्थिक प्रशासनको अर्थ, क्षेत्र, प्रमुख कार्यहरु र महत्व



३.२ आर्थिक प्रशासनसंग संलग्न निकायः (नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय, केन्द्रिय तथा कार्य संचालन स्तरका कार्यालयहरु)

३.३ वजेटका सिद्धान्त, महत्व, नेपालको सरकारी वजेट प्रणालीको विकास, वजेट तर्जुमाको वर्तमान व्यवस्था, कार्यान्वयन, मूल्याङ्कन प्रक्रिया र वजेट चक्र

३.४ आर्थिक विकासमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिका

३.५ नेपालमा सार्वजनिक संस्थाको वित्तिय प्रणाली, अवस्था, समस्या र चूनौतीहरु

३.६ सार्वजनिक कोषको सदुपयोग, सदाचार र नैतिकता

३.७ नेपालको आर्थिक वित्तीय तथा संगठित क्षेत्र सम्वन्धी विषयहरुमा गरिने अनुसन्धान र अध्ययन विधि Research Methodology, तथ्यांकको प्रकृति एवं स्रोतहरु, तथ्यांक संकलन, तालिकीकरण, प्रशोधन र विश्लेषण तरिकाहरु

३.८ Measure of Central Tendency, Measure of Dispersion, Correlation and Regression Analysis को ज्ञान

३.९ प्रस्ताव तथा प्रतिवेदन लेखन र प्रस्तुतीकरण

३.१० व्यवस्थापन सूचना प्रणाली (MIS) को परिचय, आवश्यकता र महत्व

४. ऐन, नियम

४.१ सशस्त्र प्रहरी ऐन, २०५८ र सशस्त्र प्रहरी नियमावली, २०७२

४.२ सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४

४.३ आर्थिक कार्यविधि ऐन, २०५५, तथा आर्थिक कार्याविधि नियमावली, २०६४

४.४ भ्रमण खर्च नियमावली, २०६४

द्रष्टव्यः- पाँचौं चरणको लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरुलाई मात्र छैठौं चरणको गुणमापक परीक्षामा सम्मिलित गराईनेछ ।

६. छैठौ चरणः- गुणमापक परीक्षाः- पूर्णाङ्क ९००

क. टि.ओ.परीक्षाः

ख. जि.टि.ओ.परीक्षाः

ग. आई.ओ.परीक्षाः

घ. वोर्ड कन्फरेन्स परीक्षाः

टि.ओ., जि.टि.ओ.र आई.ओ मा सम्मिलित वोर्डले सामूहिक रुपमा छलफल गरी उम्मेदवारहरुको उपयुक्तता सम्वन्धी परीक्षण गरिनेछ ।

द्रष्टव्यः-

छैठौं चरणको गुणमापक परीक्षावाट छनौट भएका उम्मेदवारहरुलाई मात्र सातौं चरणको विशेष स्वास्थ्य परीक्षणमा सम्मिलित गराइनेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय
मानवश्रोत विभाग
स्वयम्भू, हलचोक, काठमाडौं

७. सातौं चरणः विशेष स्वास्थ्य परीक्षण

सशस्त्र प्रहरी सेवा आयोगद्वारा तोकिएको चिकित्सक तथा अस्पतालबाट निम्नानुसारको परीक्षण गरिनेछ।

1. Blood (HB, TC, DC, ALB, SUG, M/E)
2. Chest (X-ray Report), Tuberculosis (TB)
3. Serum Creatinine
4. Urine Routine
5. HIV, HbsAg, VDRL
6. Anti HCV
7. Drug of Abuse (DOA) test
8. Urine Pregnancy Test (For Female Candidate Only

८. आठौं चरणः अन्तर्वार्ता

सशस्त्र प्रहरी सेवा आयोगका सदस्यहरुद्वारा अन्तर्वार्ता मार्फत उम्मेदवारहरुको विषयवस्तु सम्बन्धी ज्ञान, तर्कशक्ति, अभिव्यक्ति क्षमता तथा व्यक्तित्व परीक्षण गरिनेछ ।

नोटः

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

२. यस पाठ्यक्रममा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका ऐन, नियमहरु तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

३. चरणवद्ध रुपमा प्रारम्भिक शारीरिक परीक्षण, शारीरिक सहिष्णुता परीक्षा, विस्तृत स्वास्थ्य परीक्षण, आई.क्यू. परीक्षा, लिखित परीक्षा, गुणमापक परीक्षा र विशेष स्वास्थ्य परीक्षणमा उत्तीर्ण भई अन्तर्वार्तामा सहभागी भएका उम्मेदवारहरुको आई.क्यू. परीक्षा, लिखित परीक्षा, गुणमापक परीक्षा, अन्तर्वार्ता परीक्षा र शैक्षिक योग्यता वापतको अङ्क समेत जोडी कूल अंकको योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशित गरिनेछ ।

४. शैक्षिक योग्यता वापतको अङ्क निम्नानुसारको हुनेछ ।

क. प्रथम श्रेणी वा सो भन्दा माथिः- २ (दुई)

ख. द्वितिय श्रेणीका लागि- १.५ (एक दशमलव पाँच)

ग. तृतीय श्रेणीका लागिः- १ (एक)

घ. श्रेणी नखुलेको शैक्षिक योग्यताको लागि द्वितीय श्रेणी बराबरको अङ्क प्रदान गरिनेछ।

५. पाठ्यक्रम लागू मितिः- २०८३/०५/१६ गते ।

नेपाल सशस्त्र प्रहरी बल, गृह मन्त्रालय मानवश्रोत विभाग हलचोक, काठमाडौं